# जहाँ अभर त्यहाँ नगर -Support on the Spot_ कार्यक्रम संचालन कार्यविधि, २०७६

नेपालको संविधान २०७२ को भाग ३ को बुदा नं ३५ को दफा १ मा स्वास्थ्य सम्वन्धि हकमा कुनै पनि नागरिकलाई आकस्मिक स्वाथ्य सेवावाट बन्चित गरिने छैन भनि उल्लेख भए बमोजिम स्थानीय तहलाई प्रदान गरिएको अधिकारलाई सुनिश्चित र ब्यवस्थित गरि सहभागिता र उत्तरदायित्व निर्वाह गर्दै स्थानीय तहवाट गुणस्तरिय सेवा प्रदान गर्नु स्थानीय तहको कर्तब्य रहेको छ । आदिवासी जनजाती दलित पिछडा वर्ग तथा गरिव निमुखा लगायतका अति विपन्नहरुलाई घटना भएको घटनास्थलमा नै पिडितलाई घरघरमै राज्यको उपस्थिति महसुश हुने गरी जनताहरुको आवस्यकता अधिकतम सम्वोधन गर्ने आर्थिक तथा भौतिक सहयोग गर्ने उदेश्यले बेलका नगरपालिकाले जहाँ अभर त्यहाँ नगर कार्यक्रम संचालन गरिराखेको हुनाले सो कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न कार्यविधि आवस्यक भएकोले जहाँ अभर त्यहाँ नगर कार्यक्रम कार्यक्रम संचालन कार्यविधि, २०७६ तयार गरी लागु गरिएको छ ।

परिच्छेद- १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम जहाँ अभर त्यहा नगर कार्यक्रम संचालन कार्यविधि, २०७६ रहेको छ .

१.२ यो कार्यविधि बेलका नगरपालिका भित्र लागु हुनेछ ।

१.३ यो कार्यविधि बेलका नगरकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** - विषय र प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ **“नगर प्रमुख”** भन्नाले बेलका नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

२.२ **“उप-प|d'v”** भन्नाले बेलका नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

२.३ **“कार्यविधि”**भन्नाले जहाँ अभर त्यँहा नगर कार्यकर्म संचालन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

२.४ **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले बेलका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

२.५ **“विपन्न वर्ग”** भन्नाले बेलका नगरपालिका भित्र बसोवास गर्ने आदिवासी जनजाती दलित तथा

पिछडा तथा सिमान्तकृत भुजेल थारु माझी थामी लगायतका अन्य वर्गलाई सम्झनु पर्दछ ।

२.६ **"विशेष प्रकारको रोग"** भन्नाले क्यान्सर, मुटु रोग, मृगौला, अल्जाईमर, हेड ईन्जुरी, सिक्कल सेल, एलिमिया र पार्किङ्सन जस्ता रोगलाई जनाउदछ ।

२.७ **"मन्त्रालय"** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउदछ ।

२.८ **"दुर्घटना"** भन्नाले रुखवाट लडेको सवारी दुर्घटना भिरवाट लडेको र अन्य विविध कारणवाट स्वास्थ्यमा गम्भिर असर परेको कारणवाट जिउज्यानमा असरको अवस्थालाई जनाउदछ ।

२.९ **"विपद"** भन्नाले वाढीवाट पिडित भएको, आगलागीमा परेको, जंगली जनावरवाट आक्रमण भएको, हावा हुण्डरीको असर, चट्याङ र भुकम्प लगायत आदी कारणवाट सर्वसाधारण ब्यक्तिको जिउ ज्यानमा परेको असर र भौतिक सम्पतीमा भएको क्षतीलाई सम्झनु पर्दछ ।

२.१० **"सुत्केरी उद्दार"** भन्नाले सुरक्षितरुपमा प्रसुतिको लागी स्वास्थ्य चौकी अस्पताल वा दक्ष स्वास्थ्यकर्मीकोमा पु-याई सहयोग गर्नुलाई सम्झनु पर्दछ ।

२.११ **"दिर्घ रोगी"** भन्नाले लामो समयदेखि रोगले सताएर दवाई खाईरहनुपर्ने रोगीलाई दिर्घ रोगी सम्झनु पर्दछ ।

२.१२ **"एम्बुलेन्स"** भन्नाले विरामी ओसार्ने स्वीकृती प्राप्त वाहन सम्झनु पर्दछ । सो शब्दले एम्बुलेन्समा जडित उपकरण चालक र परिचालकलाई समेत जनाउदछ ।

## परिच्छेद - २

## कार्यविधिको उदेश्य

३. यो कार्यविधिको उदेश्य देहाय बमोजिम रहेको छ ।

३.१ बेलका नगरपालिका भित्र रहेका विशेष प्रकारका रोगीहरुलाई सहयोग र संरक्षण गर्नु ।

३.२ बेलका नगरपालिका भित्र रहेका विशेष प्रकारका रोगीहरुलाई सहयोग र संरक्षण गर्नु ।

३.३ बेलका नगरपालिका भित्र रहेका विपदमा परेका अति विपन्नवर्गहरुलाई सहयोग गर्नु ।

३.४ बेलका नगरपालिका भित्र रहेका सुरक्षित प्रसुति गराउन नसकेका अति विपन्न वर्गहरुलाई सहयोग गरी मातृ तथा शिशु स्वास्थ्यको रक्षा गर्नु ।

३.५ अन्य स्थानीय तहवाट आपत विपत परेर आएका तथा तत्काल उद्दार गर्नुपर्ने ब्यक्तिहरुलाई सहयोग गर्नु ।

३.६ वालवालिका अपाङ्ग महिला जेष्ठ नागरीक असक्त सिमान्तकृत पिछडा वर्ग लोपोन्मुख तथा अन्य वर्गहरुलाई स्वास्थ्य उपचार तथा भैपरी आउने विभिन्न कार्यमा सहयोग गर्नु ।

३.७ विपन्न तथा बेवारिसेहरुको मृत्युपछिको काजकृया खर्च पोष्टमार्टम खर्च शव वाहन खर्च आदीमा सहयोग गर्ने ।

# परिच्छेद - ३

# कार्यक्रम संचालन विधि

**३. कार्यक्रम संचालन विधि -**

३.१ वेलका नगरपालिका भित्रका विशेष प्रकारका रोगीहरुले रोगको पहिचान भएको प्रमाण ( चिकित्सकले रोग पहिचान गरेको प्रमाण) सहित उपचारको लागि नगरपालिकाको सम्वन्धित टोल विकास संस्थामा निवेदन दिनु पर्ने छ. त्यस पछि टोल विकास संस्थाले सिफारिश सहित वडा कार्यालयमा पठाउने छ । वडा कार्यालले सिफारिश साथ अति विपन्न नागरिक उपचार समितिमा पेश गर्नु पर्नेछ ।उक्त समितिले विषेश रोगको सिफारिश गरी उपचारको लागि सम्वन्धित अस्पतालमा पठाउनेछ । सो सिफारिश अनुसार अस्पतालले रोगिको निशुल्क उपचार गर्नेछ । विशेष रोगीहरुको रेकर्ड अनुसूची १ वमोजिम वडा कार्यालय र नगरपालिकाको कार्यलयले अध्यावधिक रुपमा प्रमाणित गराई राख्नु पर्नेछ ।

३.२ वेलका नगरपालिका भित्रका दुर्घटनमा र विपदमा परेका अति विपन्न परिवारहरुले दुर्घटनाको कारण सहित टोल विकास संस्थामा निवेदन दिनु पर्ने छ त्यस पछि टोल विकास संस्थाले सिफारिश सहित वडा कार्यालयमा पठाउने छ । वडा कार्यलयले निवेदनलाई तत्कालै सिफारिश सहित नगरपालिकामा पठाउनु पर्र्नेछ । दुर्घटना र विपदको अवस्था हेरी नगर प्रमुख स्तरिय निर्णयानुसार तत्कालै रु १५००। देखि २००००। सम्म आर्थिक सहयोग उपलव्ध गराईने छ ।

३.३ वेलका नगरपालिका भित्रका अति विपन्न परिवारहरुले सुरक्षित प्रसुतिको लागि एम्वुलेन्ससेवाको सहयोग र अन्य उपचारको लागि गाडी भाडा सहयोग माग गरी नगरपालिकाको सम्वन्धित टोल विकास संस्थामा निवेदन दिनु पर्ने छ त्यस पछि टोल विकास संस्थाले सिफारिश सहित वडा कार्यालयमा पठाउने छ । वडा कार्यलयले निवेदनलाई तत्कालै सिफारिश सहित नगरपालिकामा पठाउनु पर्नेछ । अस्पतालमा पुर्याउदा लाग्ने एम्वुलेन्स सेवाको भाडा र गाडी भाडा नगर प्रमुख स्तरिय निर्णयानुसार तत्कालै रु १५००। देखि १००००। सम्म अति विपन्न परिवारलाई आर्थिक सहयोग उपलव्ध गराईने छ ,।

३.४ अन्य स्थानिय तहवाट आपत परेर आएका आएका व्यक्ति, वालवालिका ,अपाङ्ग, महिला ,जेष्ठ नागरिक, असक्त, सिमान्तकृत पिछडा, लोपोउन्मुख वर्ग आदीलाई स्वास्थ उपचार तथा भैपरि आउने

अन्य विभिन्न प्रकारका आपत विपतमा सहयोग आवश्यक पर्दा सम्वन्धित व्यक्तिले भैपरिआएको आपत र अन्य सहयोग गर्नु पर्ने कारण सहित नगरपालिकाको सम्वन्धित टोल विकास संस्थामा निवेदन दिनु पर्ने छ । त्यस पछि टोल विकास संस्थाले सिफारिश सहित वडा कार्यालयमा पठाउने छ । वडा कार्यलयले निवेदनलाई तत्कालै सिफारिश सहित नगरपालिकामा पठाउनु पर्नेछ । व्यक्तिको भैपरिआएको अवस्था र अपातको अवस्था हेरी नगर प्रमुख स्तरिय निर्णयानुसार तत्कालै

रु १५००। देखि २००००। सम्म आर्थिक सहयोग उपलव्ध गराईने छ

३.५ माथी ३.२ देखि ३.४ सम्मको सहयोग भन्दा वढी रकमको सहयोग गर्नु पर्ने अवस्थामा अति विपन्न नागरिक उपचार समितिको सिफारिशमा नगरकार्यपालिका निर्णयानुसार सहयोग रकम उपलव्ध गराउन सकिनेछ ।

३.६ सेवा वा सहयोग प्राप्त गर्ने व्यक्तिहरुको नाम नामेसि ,सेवाको विवरण, सहयोग रकम, ठेगाना र सहयोग वुझिलिनेको हस्ताक्षर समेत खुल्ने गरी नगर भित्रको नगरपालिकाको कार्यालयले अनुसूची २ वमोजिमको अध्यावधिक रेकर्ड प्रमाणित गराई राख्नु पर्ने छ ।

३.७ जहाँ अभर त्यहाँ नगर कार्यक्रम संचालनको लागि नगरपालिकाले प्रत्येक वर्ष निश्चित वजेट विनियोजन गरेको हुन्छ । वजेटको परिधि भित्र रहि सहयोग रकम उपलव्ध गराउनेछ ।

३.८ जहाँ अभर त्यहाँ नगर कार्यक्रम संचालन गर्न आवश्यक पर्ने कर्मचारी नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

## परिच्छेद ४
## अति विपन्न नागरिक उपचार समिति गठन

**४. अति विपन्न नागरिक उपचार समिति सम्वन्धि गठन -**

४.१ जहाँ अभर त्यहाँ नगर कार्यक्रम एक प्रभावकारी कार्यक्रम हो । यस कार्यक्रमवाट सहयोग रकम प्रदान गर्न नगरपालिकामा एक अति विपन्न नागरिक उपचार समिति गठन यस प्रकार हुनेछ ।

१. संयोजक - नगर प्रमुख वेलका नगरपालिका
२. सदस्य - प्र. प. अधिकृत वेलका नगरपालिका
३. सदस्य सचिव - स्वास्थ शाखा प्रमुख वेलका नगरपालिका

४.२ अति विपन्न नागरिक उपचार समितिको कार्यहरु

४.२.१ यस समितिले वडा कार्यालयवाट सिफारिश साथ पेश भएको विषेश रोग लागेको विरामीहरुको विवरण सम्वन्धित अस्पतालमा निशुल्क उपचारको लागि सिफारिश गर्ने ।

४.२.२ यस समितिले आगामी वर्षको वार्षिक कार्य योजना वनाई नगरकार्यपालिका मार्फत नगरसभावाट स्विकृत गराउने ।

४.२.३ .दुर्घटना र आपद विपतमा परेका वालवालिका ,अपाङ्ग, महिला ,जेष्ठ नागरिक, असक्त, सिमान्तकृत पिछडा लोपोउन्मुख वर्ग आदी र अन्य स्थानिय तहवाट आपत परेर आएका आएका व्यक्तिलाई नगर प्रमुख स्तरिय निर्णयवाट तोकिएको सिमा भन्दा वढी रकम सहयोग गर्नु परेमा

यस समितिले सिफारिश साथ नगर कार्यपालिकामा पठाउनेछ र नगर कार्यपालिकाको निर्णयानुसार थप सहयोग उपलव्ध हुनेछ ।

## परिच्छेद ५
## अति विपन्न उपचार कोष

**५. अति विपन्न उपचार कोष संचालन प्रणाली -**

५.१ अति विपन्न उपचार कोष जहाँ अभर त्यहाँ नगर कार्यक्रमको लागि प्राप्त हुने सम्पूर्ण रकम यस कोषको नाममा रहेको बैंक खातामा जम्मा गरेर मात्र खर्च गरिनेछ ।

५.२ अति विपन्न उपचार कोषको श्रोत - समितिको कोषमा देहाय बमोजिम रकम प्राप्त हुनेछ ।

क) नगरपालिकाले वार्षिक बजेटको रुपमा उपलब्ध गराउने रकम ।

ख) दान, दातव्य, अनुदान सहयोगबाट प्राप्त हुने रकम ।

ग) विकास निमार्णको कार्यक्रममा कन्टिनजेन्सि रकम मध्ये नगरकार्यपालिकावाट निर्णय भएको रकम ।

घ) विविध अन्य रकम .

५.३. कोषको संचालन कोषको सञ्चालन प्रचलित लेखा प्रणालीबाट नगरपालिकाले गर्नेछ ।

## परिच्छेद ६
## विविध

**६.विविध -**

६.१. छिट्टै सहयोग रकम उपलव्ध हुने यस कार्यक्रमवाट आपत विपदमा परेका अति विपन्न परिवारहरुलाई यथासम्भव घटनास्थलमा छिटै सहयोग रकम उपलव्ध गराईनेछ ।

६.२ कार्यविधि संशोधन - यो कार्यविधि संशोधन गर्न आवश्यक भएमा अति विपन्न नागरिक उपचार समितिले संशोधन प्रस्ताव तयार गरि नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ । प्रस्तावित संशोधन उपयुक्त लागेमा नगर कार्यपालिकाले स्वीकृत दिएपछि मात्र कार्यान्वयन हुनेछ ।

६.२.वाधा अडकाउ फुकाउन सक्ने - यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने

सम्वन्धमा कुनै वाधा अड्चन परेमा नगरकार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो वाधा फुकाउन सक्नेछ ।

६.३.कार्यविधिमा नलेखिएका कुराहरु कार्यपालिकाले गर्ने - यस कार्यविधिमामा लेखिएका कुराहरु यसै वमोजिम र नलेखिएका कुराहरु नगर कार्यपालिकाको निर्णयअनुसार हुनेछ ।

अनुसूची १

विशेष रोगीहरुले प्राप्त गरेको सहयोगको विवरण

| सि.नं. | सहयोग पाउने रोगीको नाम | ठेगाना | रोगको नाम | निवेदन दिने ब्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

अनुसूची २

दुर्घटना , विपद र अन्य सहयोग पाउने व्यक्तिहरुको विवरण

| सि.नं. | सहयोग पाउने ब्यक्ति नाम | ठेगाना | सहयोग विवरण | सहयोग रकम | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |